# बार्षिक प्रगती समिक्षा गोष्ठीको प्रतिवेदन

## (आ.ब.२०७०/०७१)




*मिति : २०७१ श्रावण ०८ र ०९ गते*
*स्थान : कर्मचारी मिलन केन्द्र हल*

***<u>आयोजक:</u>***

जिल्ला विकास समितिको कार्यालय
रुकुम

# आ.ब. २०७०/०७१ को बार्षिक प्रगती समिक्षाको

# प्रतिवेदन २०७१

## १.पृष्ठभूमिः

जिल्लामा विकास निर्माणको क्षेत्रमा सेवा प्रवाह गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु उपस्थिति रहेको अवस्था हो । विगतका वर्षहरुमा योजनाहरु छनौट, कार्यान्वयन गर्दा योजनासंग सम्वन्धीत सरोकारवाला पक्षहरुसंग आवश्यक समन्वय छलफल नगरिए काम कर्वाहीहरु अगाडि वढाउदा एकातीर कुन ठाउमा के भएको हो भन्ने सोको जानकारी नहुने अर्को तर्फ एउटै कामलाई विभिन्न सेवा प्रदायक निकायहरु देखाएर रकम खर्च गर्ने अवस्था रहयो जसले गर्दा सेवाप्रवाहमा दोहोरोपना हुन गएको अवस्था हो । वार्षिक प्रगति समिक्षा कार्यक्रम मार्फत विगतमा भएको कार्य के थिए कसरी संचालन गरियो र कसरी संचालन गरियो इतिहासको समिक्षा गरी त्यसमा भएका कमजोरी पक्षहरुको सुधार र राम्रा पक्षहरुको अनुसरण गर्नु पर्ने हुन्छ । अहिलेको वर्तमान अवस्थामा सार्वजनीक सुनुवाई, सार्वजनीक परिक्षण तथा सामाजिक परिक्षण तथा समिक्षा जस्ता क्रियाकलापहरुको माध्यमवाट काम गर्ने प्रक्रिया तथा सम्पादित क्रियाकलापहरुको पारदर्शिता कायय गर्न आवश्यक रहेकोछ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा व्यवस्था भए वमोजिम जिल्ला विकास समितिको आयोजन तथा युनाइटेड मिसन टु नेपाल (UMN) रुकुम कलष्टर र संयुक्त राष्ट्र संघ जनसंख्या कोष (UNFPA) को आर्थिक सहयोगमा रुकुम जिल्लामा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरुले गरेका विभिन्न कार्यहरु (भौतिक पूर्वधार विकास, सामाजिक शसक्तिकरण, आयआर्जन तथा गरिवि निवारण, चेतनामुलक कार्यक्रम, आदि) को प्रगति समिक्षा सम्पन्न गरेको छ । जिल्ला विकास समिति रुकुमका स्थानीय विकास अधिकारी भरत कुमार शर्माको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी श्री हरिप्रसाद भण्डारीको प्रमुख आथित्यमा संम्पन्न उक्त कार्यक्रममा रुकुम जिल्लामा कार्यरत विभिन्न ४७ सरकारी तथा गैरसरकारी संस्थाहरु सहभागी भएका थिए । उक्त कार्यक्रम २०७१/०४/०८ र ०९ गते सम्म दुई दिन सञ्चालन भएको कार्यक्रममा राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले सक्रिय रुपमा भूमिका निर्वाह गरि सल्लाह तथा सुझावहरु दिएका थिए ।

## २. उद्देश्यः

यस कार्यक्रमको मुख्य उद्देश्य जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरु मार्फत जिल्लामा भए गरेका कार्यक्रमहरुको प्रकृति, लाभान्वीत समुदाय, कुल लागत, त्यसको उपलब्धी र कार्यक्रम संचालनमा देखिएका सिकाई, सफलताका कथाहरु, समस्या सामाधानका उपाय तथा आगामी दिनहरुका कार्यक्रम संचालनको लागि पृष्ठपोषण लिने आदि बारेमा सरोकारवालाहरु विच व्यापक छलफल गरि आगामी दिनहरुमा सुधारको लागि सुझाव दिने रहेको थियो ।

**३ समिक्षा गोष्ठी संचालन विधिः**

प्रस्तुतीकरण तथा छलफल र अन्तरक्रिया तथा छलफल ।

**४. समिक्षा गोष्ठी संचालन गरिएको मिति :-**

मिति २०७१ श्रावण ८ र ९ गते सम्म २ दिनसम्म ।

**५.वार्षिक प्रगति समिक्षा कार्यक्रममा प्रगति पेश गर्ने सरकारी तथा गैरसरकारी कार्यालयको नामावली**

१. जिल्ला विकास समितिको कार्यालय, रुकुम
२. जिल्ला प्राविधिक कार्यालय, रुकुम
३. जिल्ला स्वास्थ्य कार्यालय, रुकुम
४. जिल्ला कृषि विकास कार्यालय, रुकुम
५. मध्यपश्चिमाञ्चल सिंचाई सव डिभिजन कार्यालय, रुकुम
६. घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, रुकुम
७. जिल्ला वन कार्यालय, रुकुम
८. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुकुम
९. जिल्ला पशु सेवा कार्यालय, रुकुम
१०. जिल्ला भूसंरक्षण कार्यालय, रुकुम
११. महिला तथा वालवालीका कार्यालय, रुकुम
१२. जिल्ला शिक्षा कार्यालय, रुकुम
१३. समशितोष्ण तरकारी वीउ उत्पादन केन्द्र, चांपा रुकुम
१४.स्थानीय विकास कोष, रुकुम
१५.पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना, रुकुम
१६. रुकुमेली विद्युत उर्जा समिति
१७. कृषि विकास वैंक
१८. नेपाल टेलिकम
१९. आरसिआई डव्लु
२०.जिल्ला उर्जा तथा वातावरण शाखा, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम, रुकुम
२१.चैरजहारी अस्पताल
२२. नेपाल खाद्य संस्थान
२३. युनाइटेड मिसन टु नेपाल, रुकुम कलष्ट
२४. सिप्रेड रुकुम
२५. वेस रुकुम
२६. मानव अधिकारको लागि एकल महिला एकल महिला जिल्ला संजाल, रुकुम
२७. रुपान्तरण नेपाल, वहुसरोकारवला वन कार्यक्रम
२८. राडार रुकुम
२९. सिस्ने युवा क्लव रुकुम
३०. डिप्रोक्स नेपाल

३१. सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखा रुकुम
३२. हुरेड कार्स रुकुम
३३. मिक नेपाल
३४. वाल सरोकार केन्द्र
३५. रुकुमेली समाज विकास केन्द्र
३६. ग्रामीण आधारभुत विकास परियोजना
३७. नेपाल जनजागरण मञ्च
३८. अपाङ्ग संरक्षण मञ्च
३९. उत्पेडित सामुदायिक विकास केन्द्र
४०. हरप्लेस
४१. अपांग वहुउदेश्यीय पुर्नस्पना केन्द्र
४२. नेपाल रेडक्रस सोसाइटि रुकुम
४३. किसान रुकुम
४४.जिल्ला लघु उद्यमी समुह संघ
४५.दलित सेवा संघ, रुकुम
४६.सानोभेरी एफ.एम.
४७ विकासका लागि संयुक्त अभियान नेपाल शाखा कार्यालय, रुकुम

## ६. वार्षिक समिक्षा कार्यक्रमा उठान गरिएका सुझावहरु

१) प्रमुख जिल्ला अधिकारी : हरीप्रसाद भण्डारी

वार्षिक प्रगति समिक्षा कार्यक्रम विगतमा भएको कार्य के थिए कसरी संचालन गरियो र कसरी संचालन गरियो इतिहासको समिक्षा गरी त्यसमा भएका कमजोरी पक्षहरुको सुधार र राम्रा पक्षहरुको अनुसरण गर्दै आगामि कार्यक्रम संचालन गर्न महत्वपुर्ण हुने र सामुहिक रुपमा निष्कर्ष निकाल्ने र भोलि हुने कार्यक्रमलाइ दिशावोध गर्न सहयोग पुराउन सहयोग गर्ने वार्षिक समिक्षा गोष्ठीको उद्येस्य रहेको र जिल्लाको वार्षिक प्रगति समिक्षा कार्यबक्रम फलदायि हुने आशा व्यक्त । वार्षिक प्रगति समिक्षामा आएका सुझावहरु संकलन गरी प्रकाशन गर्न लाई समेत सुझाव व्यक्त ।

२) स्थानीय विकास अधिकारी : भरत कुमार शर्मा

वार्षिक प्रगति समिक्षा कार्यक्रम आफुले वर्ष भरिमा गरेका क्रियाकलापहरुको प्रस्तुति, प्रगति के भयो, समस्या के आयो, कसरी समाधान गरियो, अनुसरणिय कार्यहरु के रह्यो र आगामि वर्षका लागि सिकाइको विषय वस्तु के के रहे भन्ने कुराको लेखा जोखानै वार्षिक प्रगति समिक्षा भएको आफ्नो भनाइ राख्दै रुकुम जिल्ला विकासमा एउटा ठुलो फटको मारेको जसअनुसार राप्ती राजमार्ग कालोपत्रे गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको, मध्यपहाडी राजमार्गको ट्र्याक खन्ने

काम सम्पन्न भएको, जिल्लाका ४३ वटै गाविसहरु लाई खुला दिशमुक्त गाविसको रुपमा घोषण गर्न सफल भएको, १० गाविसहरु लाइ पुर्ण खोप युक्त गाविस घोषणा गरिएको र जिल्ला स्थित विषयगत कार्यालयहरुले आ.व. २०७१।०७२ लाई विभिन्न वर्षका रुपमा मनाउने निर्णय गरेको जानकारी । साथै आ.व. २०७१।०७२ देखि जिल्लाको सुपरिवेक्षण तथा अनुगमन समितिलाई क्रियासिल गराई अनुगमन प्रणालिलाई प्रभावकारी गराई जिल्लामा संचालित विभिन्न कार्यक्रम तथा आयोजनाहरुको समग्र अनुगमन गरिने र सवै कार्यालय तथा संघ संस्थाहरुले अनुगमन गर्ने कार्यलाई महत्व दिनु पर्ने सुझाव व्यक्त ।

३) हिरामणि रावल (नेकपा माओवादी प्रतिनिधि):

तरकारीमा विषादीको मात्रा बढ्दै गएको र यसले मानव स्वास्थ्यमा नकारात्मक असर गरेको यसको लागि विषादी कम गर्न र विषादी जाच्ने औजार जिल्लामा ल्याउन पहल गर्नु पर्ने, कृषकले उत्पादन गरेको तरकारी तथा अन्य वस्तुहरुको वजार व्यवस्थापन सहि रुपमा नहुदा वाह्य जिल्लावाट आएका तरकारीले वजार लिइरहेकोले आन्तरिक उत्पादनलाई पश्रय दिन जिल्ला कृषि विकास कार्यालय तथा अन्य सरोकारवाला निकायहरुले आवस्यक ध्यान दिन आवस्यक भएको । यस जिल्लाका किषानहरुले उत्पादन गरेको रु १ करोड २२ लाखको मुलाको विउ व्यापारिले खरिद गरी पैसा नदिएकोमा समस्याको समाधानका लागि सरोकारवाला निकायहरुको आवस्यक ध्यान दिन पर्ने विचार व्यक्त । जिल्ला सदरमुकाममा भएका गाई फर्महरुको अवस्था विग्रदै गएकोले जिल्ला पशु सेवा कार्यालयले आवस्यका ध्यान दिन सुझाव ।

४) जिल्ला स्वास्थ्य कार्यालय प्रमुख

कुकुरहरुलाई दिईने भ्यक्सिन कम भएकोले रेविज रोग भयावह अवस्थामा रहेको । रेविज रोग विरुद्ध दिईने सुई १०० वटा मात्र जिल्ला स्वास्थ्य कार्यालयमा भएकोहुदा यसको भयावह अझ वढि भएको । यसको लागि जिल्ला पशु सेवा कार्यालयले आवस्यक ध्यान दिन आवस्यक भएको । जिल्लामा मानसिक स्वास्थ्य कार्यक्रम लागु गर्न आवस्यक भएको ।

५) नेमकिपा अध्याक्षः कालीवहादुर खड्का

जिल्लामा मानसिक स्वास्थ्य कार्यक्रम संचालन निरन्तर रुपमा चलिरहेको तर मानसिक स्वास्थ्यका विरामि जिल्लामा बढ्दै गैरहेकोले कार्यक्रमको प्रभावकारिता नभएको देखिएकोले यसमा सुधार गर्न आवस्यक भएको । जिल्लामा लघु जल विद्युत आयोजनाहरु सम्पन्न भएको भनिए पनि ६ महिना नपुग्दै विग्रने गरेकोले आयोजनाको दिगोपनालाई ध्यान दिन आवस्यक भएको । लघु जल विद्युत आयोजनाहरु संचालन गर्दा जनसहभागिताका नाममा उनिहरुवाट जथाभावि रुपमा रकम संकलन गरिएको तथा श्रमदान समेत लिएको हुदा ज्याला मजदुरी गरेर जिवन गुजारा गर्ने गरिव परिवारको विचल्ली गराएकोले आवस्यक श्रोत र साधनको व्यवस्था गरेर मात्र यस्ता कार्यक्रम संचालन गर्ने विचार व्यक्त ।

६) नेकपा एमाले सचिव हरिप्रशाद शर्मा

जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गत जिल्लाका विभिन्न स्वास्थ्य चौकिहरुमा कर्मचारीहरुको दरवन्दि खालि भएकोले कर्मचारी पदपुर्तिका लागि आवस्यका पहल गर्न आवस्यक भएको र केहि प्रयास समेत गरिएकोले सकारात्मक भएको । विभिन्न कार्यक्रममा देखिने दोहोरोपना कम गर्न जिल्ला विकास समितिले आवस्यक समन्वय गरेर गैर सरकारी कार्यालय तथा अन्य विषयगत कार्यालयका कार्यक्रममा दोहोरो पन आउन नदिने तथा आवस्यक क्षेत्रमा कार्यक्रम संचालन गर्नका लागि आवस्यक सुझाव तथा निर्देशन दिन पर्ने ।

**समापन मन्तव्य**
**स्थानीय विकास अधिकारी श्री भरतकुमार शर्मा -अध्यक्ष**

- कार्यक्रम सफल पार्न उपस्थित सवैलाई सक्रिय सहभागिताका लागि धन्यवाद ज्ञापन ।
- कार्यक्रममा जिज्ञासा सहित प्रष्ट पार्ने प्रयास भएको छ । आफ्ना कार्यक्रम प्रति सवैको जवाफदेहिता वढेको देखियो ।
- जनता प्रति कार्यालय सधै उत्तरदायि रहने छ । आफ्ना कार्यक्रमको जवाफदेहिता लिन सवै कार्यालय तयार रहने छन् ।
- जिल्लाले पारदर्शिताको नमुना पेश गरेको छ । कमि कमजोरीलाई सुधार गर्दै लैजाने प्रतिवद्धता समेत व्यक्त ।
- कार्यक्रमलाई प्रभावकारी वनाउन संयुक्त अनुगमन कार्यलाई प्रभावकारी वनाईने छ । यसबाट सुशासनको प्रत्याभुति समेत हुने छ ।
- पारदर्शि रुपमा विभिन्न लक्षित वर्गको समेत सहभागितामा कार्यक्रम सम्पादन गरिएको छ । आगामि बर्षमा पनि यस कार्यलाई निरन्तरता सहित सरोकारवालाहरुको भुमिकालाई अझ प्रभावकारी वनाई लक्षित वर्गको सक्रिय सहभागितामा कार्यक्रम संचालन गरिने छ ।
  कार्यक्रमका सहभागिलाई धन्यवाद सहित

**७. यस वार्षिक प्रगति समिक्षाको गोष्ठिमा छलफलको क्रममा उठेका विषय वस्तुलाई आगामी वर्षमा सुधार गर्नको लागि निम्न वमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्वन गरि जाने निर्णय गरियो ।**

- सवै योजनाहरुको योजना तर्जुमा प्रक्रियामा वढिभन्दा वढी सहभागिता सुनिश्चित गर्न योजना तर्जुमा प्रक्रिया देखि कार्यान्वयन चरणसम्म सामाजिक परिचालन कार्यलाई सशक्त वनाउने ।

- सुशासनको नीतिलाई वढवा दिन सार्वजनीक लोखापरिक्षण, होर्डिङ्ग वोर्ड, सार्वजनिक सुनुवाई र अनुगमन पक्षलाई प्रभावकारी वनाउनु पर्ने ।
- प्रत्येक महिना एक दिन जनताको घरदैलोमा जाने र जनताका अवस्था तथा गुनसाहरु वारे जनाकारी लिने ।
- उपभोक्ता मार्फत संचालन गरिने योजनाको लागि स्थानीय विकास मन्त्रालयवाट जारी निर्देशिकालाई अझ प्रभावकारी कार्यान्वयन गर्ने ।
- योजनाको कार्य तालिका वनाई सो अनुसार योजना कार्यान्वयन भए नभएको अनुगमन गर्न संयुक्त अनुगमन कार्यलाई अझ प्रभावकारी वनाउने ।
- निर्माण कार्यलाई अझ गुणस्तरयुक्त वनाउन खर्चको विवरणलाई पारदर्शी वनाउने ।
- सेवाग्राहीलाई छिटो छरितो सेवा दिने प्रक्रियाको वारेमा सुसूचित गराउने ।
- जिल्ला विकास समितिको न्यूनतम शर्त मापन तथा कार्य सम्पादन मुल्यांकन (MCPM) मा ७७ अंक प्राप्त गर्न सफल भएकोमा आगामी वर्षमा सोभन्दा अझ राम्रो अंक प्राप्त गर्न पहल गर्ने ।
- वार्षिक प्रगति समिक्षा भए गरेका गतिविधिहरुको प्रतिवेदन तयार गरी सो प्रतिवेदन जिल्ला परिषदको वैठकमा पेश गर्ने ।

**संघ संस्थातर्फ**

- वार्षिक प्रगति समिक्षा वैठकमा कार्यक्रम प्रस्तुत गर्ने संघसंस्थाहरुको संख्या उल्लेखनीय रुपमा वढेको पाइयो
- जवाफदेहीताको विकास भएको ।
- वार्षिक प्रगति समिक्षा गोष्ठीमा उपलव्ध गराइएका कार्यपत्रहरुको छपाई गुणस्तर न्यून रहेको र जिम्मेवारी व्यक्तिवाट प्रस्तुतीरकण गरिनुपर्ने ।
- समिक्षा कार्यक्रममा प्रस्तुतीकरण नगर्ने संघ संस्थालाई लिखित रुपमा सचेत गराउने र आगामी दिनमा त्यस्ता संघ संस्थाहरु संग सहकार्य नगर्न पनि सकिने ।

***सारांस***

आर्थिक वर्ष २०७०/०७१ मा सम्पादन गरिएका आयोजनाहरूको वार्षिक समिक्षा गोष्ठी जिल्ला विकास समिति रूकुमको आयोजनामा सम्पन्न गरिएको छ । दुई दिनसम्म सञ्चालित वार्षिक समिक्षा कार्यक्रममा जिल्ला विकास समितिको कार्यालय, विषयगत कार्यालयहरू, जिल्लामा कार्यरत दातृ निकाय, स्थानीय गैरसरकारी संघसंस्थाले वार्षिक प्रगति प्रस्तुत गरेका थिए् । प्रगति प्रतिवेदनमा विशेष गरी सडक, सिंचाई, खानेपानी, भुसंरक्षण, कृषि, लक्षित समुहको शसक्तिकरण तथा सामाजिक

परिचालन लगाएतका क्षेत्रमा  मुख्य उपलब्धीहरु रहेको छ । आगामी वर्षमा अनुगमनको क्षेत्रलाई झनै मजबुत बनाउँदै ठोस योजना र संरचना तयार गरी अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ ।

सुशासनलाई वढावा दिन तथा पारदर्शिता एवं आर्थिक अनुशासन कायम गर्नको लागि सार्वजनीक सुनुवाई, जनलेखा परिक्षण तथा सामाजिक परिक्षणका कार्यमा विशेष जोड दिनु पर्ने आवश्यकता महसुस गरिएको छ । लक्षित वर्गको योजना तर्जुमा प्रक्रिया वढि भन्दा वढी सहभागिता सुनिश्चि गर्न योजना तर्जुमा प्रक्रिया देखि कार्यान्वयन चरणसम्म सामाजिक परिचालन कार्यलाई सशक्त वनाउने कार्यको जोड दिनु पर्ने आवश्यकता महसुस गरिएको छ । कार्यक्रममा सहभागीहरूद्वारा सौहार्द्धपूर्ण वातावरणमा बिस्तृत रुपमा छलफल गरि वार्षिक समिक्षा कार्यक्रमलाई समापन गरिएको थियो ।

***समाप्त***

# *वार्षिक समिक्षा कार्यक्रमका केही झलकहरु*






# वार्षिक समिक्षा कार्यक्रमका केही झलकहरु




